# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, वैशाख २७ गते २०६४ साल (अतिरिक्ताङ्क

## भाग ५

### निर्वाचन आयोगको

### सूचना

खण्ड ५६, अतिरिक्ताङ्क ५४, मिति २०६३।६।२१ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस आयोगको सूचना १ को प्रकरण १ मा उल्लिखित समयावधिभित्र मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यक्रम अनुसार मनाङ्ग जिल्ला, धारापानी गाउँ विकास समितिको अन्तिम मतदाता नामावली प्रकाशन भई यस आयोगमा प्राप्त उक्त अन्तिम मतदाता नामावलीमा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा २२ को उपदफा (१) बमोजिम आयोगबाट पुनरावलोकन गर्दा कानून बमोजिम मतदाता हुन योग्य व्यक्तिको नाम सङ्कलन हुन नसकेको पाइएकोले मतदाता नामावलीको विश्वसनीयतामा प्रश्न उठ्न सक्ने अवस्था आउन नदिन सोही दफाको उपदफा (२) बमोजिम त्रुटि सुधार गर्न सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीलाई निर्देशन दिई देहाय बमोजिमको कार्यक्रम प्रकाशन गरेको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम

| क्र.सं. | कार्यक्रम | मिति देखि | मिति सम्म | समय | स्थान |
|---|---|---|---|---|---|
| १. | कार्यक्रम टाँस तथा तत्काल कायम रहेको मतदाता नामावली प्रकाशन गर्ने | २०६४।२।१ | २०६४।२।१ | बिहान १० बजे | गा.वि.स./प्र.ना.द.अ.को कार्यालय |
| २. | नामावलीमा नाम समावेश गर्ने, त्रुटि सच्याउन र नाम हटाउन छुट भएका व्यक्तिले दरखास्त दिने । | २०६४।२।१ | २०६४।२।३ | कार्यालय समय | स.ना.द.अ..को कार्यालय |
| ३ | दावी विरोधको प्रयोजनका लागि संशोधित मतदाता नामावली प्रकाशन गर्ने । | २०६४।२।४ | २०६४।२।४ | बिहान १० बजे | स.ना.द.अ.को कार्यालय |
| ४. | मतदाताको दावी विरोधमा दरखास्त/सूचना दिने । | २०६४।२।४ | २०६४।२।५ | कार्यालय समय | स.ना.द.अ.को कार्यालय |
| ५. | दावी विरोध पर्ने आएका मतदातालाई संशोधित मतदाता नामावलीबाट आफ्नो नाम हट्नु नपर्ने कारण भए प्रमाण सहित भनाई पेश गर्न आउन सूचना प्रकाशन गर्ने । | २०६४।२।५ | २०६४।२।५ | अपरान्ह ५ बजे | स.ना.द.अ.को कार्यालय |
| ६. | दावी विरोध परेका मतदाताले प्रमाण सहित आफ्नो भनाई पेश गर्न आउने । | २०६४।२।६ | २०६४।२।६ | कार्यालय समय | स.ना.द.अ.को कार्यालय |
| ७. | दावी विरोधको जाँचबुझ र पञ्जिकाधिकारीको कार्यालयको अभिलेखको आधारमा नाम हटाउनु पर्ने मतदाताको नाम संशोधित मतदाता नामावलीबाट हटाइएको सूचना प्रकाशन गर्ने । | २०६४।२।७ | २०६४।२।७ | बिहान १० बजे | स.ना.द.अ.को कार्यालय |



१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | सहायक नाम दर्ता सधिकारीले अन्तिम मतदाता नामावली तयार गरी प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने र सोको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्ने । | २०६४।२।७ | २०६४।२।७ | कार्यालय समय | स.ना.द.अ.को कार्यालय |
| ९. | दोहोरो नाम हटाउन परेका निवेदन बमोजिम मतदाता नामावलीबाट नाम हटाइएका मतदाताको सूची प्रकाशन गर्ने । | २०६४।२।९ | २०६४।२।९ | १६ बजे | प्र.ना.द.अ.को कार्यालय |
| १०. | प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा अन्तिम मतदाता नामावली प्रकाशन गर्ने । | २०६४।२।९ | २०६४।२।९ | १७ बजे | प्र.ना.द.अ.को कार्यालय |

द्रष्टव्यः

१. यो कार्यक्रम बमोजिम २०६३ मंसीर मसान्तसम्म १८ वर्ष उमेर पूरा भएका प्रचलित कानून बमोजिम मतदाता नामावलीमा नाम समावेश हुने व्यक्तिहरूको नाम मात्र मतदाता नामावलीमा समावेश हुन सक्नेछ ।

२. कार्यक्रममा कार्यालय समय लेखिएको भएता पनि सो शब्दले कार्यालय समय अघि पछि वा बिदाको दिनमा काम गर्न बाधा अड्काउ नपर्ने तर तोकिएको अवधिभित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

३. "स.ना.द.अ." भन्नाले सहायक नाम दर्ता अधिकारी सम्झनु पर्छ ।

४. "प्र.ना.द.अ." भन्नाले प्रमुख नाम दर्ता अधिकारी सम्झनु पर्छ ।

आज्ञाले,
सुशील जङ्ग बहादुर राणा
का.मु. सचिव
निर्वाचन आयोग

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।- गो.२ १६।२०६२।६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।